# देवचुली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
प्रगतिनगर, नवलपरासी(ब.सु.पू)
गण्डकी प्रदेश, नेपाल
२०७३

☎ ०७८-५७५३९६, ५७५०१०

च.नं.
प.सं. २०७६।०७७

मिति : २०७७।०१।१२

## एकद्धार प्रणालीबाट राहत वितरण सम्बन्धी सूचना ।

प्रस्तुत विषयमा देवचुली नगरपालिकाको नगरस्तरीय नोवल कोरोना भाइरस संक्रमण रोकथाम समन्वय समितिको मिति २०७७।१।९गते बसेको बैठकको बुँदा नं. ६, ७ र ८ मा देहाय बमोजिम निर्णय भएको छ ।

**बुँदा नं. ६** नगरपालिकाको एकद्धार प्रणाली बाहिर रहेर कुनै व्यक्ति वा संघसंस्थाले राहत बाड्न नपाउने, कहिं कतै बाडेको पाइएमा तुरुन्त बन्द गर्ने, कुनै नागरिक भोको पर्ने अवस्था आएमा नगरपालिका वा वडामा तत्काल सूचना दिन आव्हान गर्ने, प्राप्त सूचनाको आधारमा यथासिघ्र राहत पुर्‍याउने व्यवस्था मिलाउने,

**बुँदा नं. ७** विभिन्न संघसंस्थाले कोरोना भाइरस नियन्त्रण गर्ने भन्दै अप्रमाणित रुपमा क्लोरिन लगायतका औषधी बाटोमा छर्ने गरेको पाईकोले त्यस्ता कार्य तत्काल बन्द गर्ने, नगरपालिकाको पूर्व स्वीकृति विना कहीं कसैले आफुखुशी कुनै क्रियाकलाप गरेको पाइएमा कानून बमोजिम कारवाही प्रक्रिया अगाडी बढाउने,

**बुँदा नं. ८** कुनै व्यक्ति वा संघ संस्थाले यस विषम परिस्थितीमा जुनसुकै प्रकारको मानवीय सहयोग गर्न चाहेमा नगरपालिकाको एकद्धार प्रणालीमा आवद्ध भई सहकार्य गर्न आव्हान गर्ने ।

**उपरोक्त निर्णयानुसार गर्नु गराउनु हुन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।**

.................
विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

विष्णु प्रसाद भुसाल
प्रमुख प्रशासकीय अधिकृत

devchulimunicipality@gmail.com